# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

करैया, बारा

## माछा पोखरीको खुल्ला डाक बढाबढ सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित: २०७८/०८/१७**

करैयामाई गाउँपालिकाको अधिकार क्षेत्र तथा भोग चलनमा रहेको पोखरी माछा पालन गरी आय आर्जनको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएको हुदा करैयामाई गाउँपालिकाको आर्थिक ऐन, २०७८ तथा सार्वजनिक खरिद ऐन, २०६३ सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम तपसिलको शर्तहरु मन्जुर गरी खुल्ला डांक बढाबढ प्रतिस्पर्धामा भाग लिन ईच्छुक व्यक्ति फर्म, संघ संस्था तथा अन्य सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:-**

१. सूचना प्रकाशित भएको १५ औं दिन २०७८/०९/०२ गते शुक्रवार विहान ११:०० बजे देखि गाउँपालिका प्राङ्गन करैयामा माछा पोखरीको डांक बढाबढ सुरु भई दिउसो ३:०० बजे सम्म डांक बढाबढ कार्य हुनेछ । समय अपुग भएमा ठेक्का दिनेले समय थप गर्न सक्ने छ ।

२. ठेक्का अवधि २०७८ पौष महिना देखि ५ वर्षको हुनेछ । डांक बढाबढमा भाग लिन ५ % ले हुने धरौटी रकम यस कार्यालयको एन.सी.सी. बैंक मधुवन शाखामा रहेको धरौटी खाता नं. १३९००००००४८०१ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ वा बोलकबोल धरौटी सोही समय नगद जम्मा गरी बोलकबोल गर्नु पर्नेछ ।

३. ठेकेदारले कबोल गरेको ठेक्का रकम एकमुष्ठ दाखिला गरेको १० % छुट दिईनेछ । ठेक्काको रकम किस्ता बुझाउने ठेकेदारले कुल किस्ता रकमलाई पाच भाग लगाई पहिलो किस्ताको रकम ७ (सात) दिन भित्र बैंक दाखिला गरेको सक्कल भौचर र बाकी किस्ताको हकमा बैंक जमानीपत्र पेश गरेपछि मात्र सम्झौता गरी पोखरी भोग चलन गर्न पटा उपलब्ध गराइनेछ । प्रत्येक पौष महिनामा अग्रिम किस्ता रकम जम्मा गर्नुपर्ने छ ।

४. डांक बढाबढ गर्दा प्रत्येक अधिल्लो डांकवालाको कबोल अंक भन्दा रु. २००००/- (बीस हजार) भन्दा कम बोल्न पाईने छैन।

५. डांक बढाबढको दिन विदा परेमा तोकिएको समय, स्थानमा डांक बढाबढ गरिनेछ ।

६. पोखरीको भोग चलन गर्दा पोखरीको आकृती नविग्रिने गरी माछा पालन गर्नु पर्नेछ ।

७. ठेक्का अवधि विचमा ठेकेदारले ठेक्का रद्द गरेमा धरौटी रकम मिनहा गरिनेछ ।

८. पोखरीको शौन्दरीकरण वा पूर्वाधार निर्माण कार्य गर्न आवश्यक भई पानी सुखाउनु पर्ने भएमा उक्त अवधि भरीको ठेक्का रकम मिनहा गरिनेछ ।

९. ठेक्का अवधि भरीमा पोखरीमा कुनै पनि कारणले हुन गएको क्षती वापतको रकम क्षतीपुर्ती भनेर ठेकेदारलाई कुनै किसिमको छुट, मिनहा वा म्याद थप गरिने छैन । तर नेपाल सरकारले त्यस्तो क्षतिको क्षतिपुर्ति दिन कुनै किसिमको कार्यक्रम संचालन गरेको भए सोको लागि ठेकेदारले सिफारिस मांग गरेमा सम्बन्धीत निकायमा सिफारिस गर्न भन्ने गा.पा.लाई बाधा पर्ने छैन ।

१०. कुनै कारण खोली वा नखोली पोखरी ठेक्कामा दिने वा नदिने सम्पूर्ण अधिकार करैयामाई गाउँपालिकामा सुरक्षित रहनेछ ।

११. यसमा उल्लेख नभएका कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

**पोखरीको विवरण**

| क्र.सं. | साविक गा.वि.स. | साविक वडा नं. | हालको वडा नं. | क्षेत्रफल | कि.नं. | न्यूनतम अंक |
|---|---|---|---|---|---|---|
| ०१/०७८/०७९ | करैया | १ | २ | १-११-० | ३३ | रु. २५,००,०००/- (पचिस लाख मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**